email : rupdistattorney@gmail.com
फोन/फ्याक्स नं.:-०७१-५२०२४४

# जिल्ला सरकारी वकील कार्यालय

## रुपन्देही

प.स. २०८१/०८२ मितिः २०८२।०२।०९
च.नं. ७५६०

श्री नगरपालिका र गाउँपालिका सबै,
रुपन्देही।

**विषयः- सूचना प्रचारप्रसार गरी उजुरी दिने व्यवस्था गर्नु हुन।**

उपर्युक्त सम्बन्धमा श्री महान्यायाधिवक्ताको कार्यालयको च.नं. ३१५३ मिति २०८२।०२।०८ गतेको पत्र तथा अन्य कागजातहरु यसैसाथ संलग्न छन्। सो सम्बन्धमा लेखी आए बमोजिम सशस्त्र द्वन्द्वको क्रममा जबरजस्ती करणी वा गम्भिर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फबाट यस अघि उजुरी दिन छुट भएको भएमा सत्य निरुपण तथा मेलमिलाप आयोगको सूचना नं. १ बमोजिमको ढाँचामा उजुरी यस जिल्ला सरकारी वकील कार्यालय, रुपन्देहीमा वा आयोगको ईमेल ठेगाना trcbabarmahal@gmail.com मा उजुरी संकलन गरिने व्यवस्था समेत भएकाले सो को लागि सूचना प्रकाशन गरी दिनु हुन अनुरोध छ।

बोधार्थः-
श्री सत्य निरुपण तथा मेलमिलाप आयोग, हाँडीगाउँ, काठमाडौं।
श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं।

प्रेमराज पौडेल
जिल्ला न्यायाधिवक्ता

कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही
दर्ता नं. :- २०११
मिति :- २०८२।२।१२
दर्ता गर्ने :-

सूचना नं. १

# सत्य निरूपण तथा मेलमिलाप आयोग
## हाँडीगाउँ, काठमाण्डौं
## उजुरी माग सम्बन्धी सूचना

*बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१* को तेस्रो संशोधनद्वारा सो ऐनको दफा १३ मा थप भएको उपदफा (६क) मा "अध्यक्ष तथा सदस्यको पदमा नियुक्ति भएपछि आयोगले सशस्त्र द्वन्द्वको क्रममा जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फवाट यस अघि उजुरी दिन छुट भएको भए आयोगमा उजुरी दिन एक पटकको लागि तीन महिनाको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी उजुरी माग गर्नेछ" भन्ने व्यवस्था रहेको। यस आयोगमा मिति २०८२।०२।०४ मा अध्यक्ष तथा संदस्यको नियुक्ति भएको हुँदा सशस्त्र द्वन्द्वको क्रममा जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजको तर्फवाट यस अघि उजुरी दिन छुट भएको भए यो सूचना प्रकाशित भएको मितिले तीन महिना अर्थात् मिति २०८२।०५।०५ भित्र काठमाण्डौं महानगरपालिका वडा नं. ५, हाँडीगाउँमा रहेको आयोगको कार्यालयमा वा आयोगको इमेल ठेगाना trcbabarmahal@gmail.com मा वा सम्वन्धित जिल्लाको जिल्ला सरकारी वकिल कार्यालय मार्फत देहायको ढाँचामा उजुरी दिनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>सत्य निरूपण तथा मेलमिलाप आयोगमा दिने उजुरीको ढाँचा</u>

१. उजुरीकर्ताको,-

(क) नाम, थर :-

(ख) ठेगाना-

(अ) स्थायी :- प्रदेशः जिल्लाः न.पा /गा.पाः

वडा नः

(आ) अस्थायी :- प्रदेशः जिल्लाः न.पा /गा.पाः वडा नः

(इ) टेलिफोन, मोवाइल नं. इमेल :-

२. जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसामा परेको व्यक्तिको,-

(क) नाम, थर :-

(ख) ठेगाना :-

(अ) स्थायीः

(आ) अस्थायीः

(इ) टेलिफोन, मोवाइल नं, इमेलः

(ग) पारिवारिक विवरण :-

(घ) पेशा :-

(ङ) हालको अवस्था :-

(च) जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा भएको स्थान, मिति र समय :-

(छ) उमेर :-

३. जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा गर्ने पक्ष, व्यक्तिको थाहा भएसम्मको

(क) नाम, थर, ठेगाना र हुलियाः-

(ख) तत्काल वा हाल कुनै कार्यालयमा कार्यरत भए तत्काल कार्यरत वा हाल कार्यरत कार्यालयको नाम र ठेगानाः-

४. जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा सम्वन्धी उजुरीको व्यहोरा :-

५. घटनासँग सम्वन्धित सवूद प्रमाण :-

(क) देखने :-

(ख) सुन्ने :-

(ग) कागज :-

(घ) तस्वीर :-

(ङ) अन्य :-

६. जवरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा सम्वन्धी अन्य कुनै कुरा भए सोको विवरण :-

७. यस विषयमा अन्य कुनै निकायमा उजुरी गरेको भएमा उजुरी गरेको निकाय, भएको कारवाहीको विवरण र पुनः उजूरी दिनुको कारण :-

८. माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा व्यहोरा लेखेको ठहरे कानून वमोजिम सहुँला, वुझाउँला।

उजुरीकर्ताको,-

दस्तखत :-

मिति :-

द्रष्टव्य: (१) उजुरीकर्ताले नाम, थर, वतन गोप्य राख्न चाहेकोमा सो व्यहोरा उल्लेख गर्नु पर्नेछ।

(२) माथि उल्लिखित फारामको विभिन्न महलमा भर्ने विवरण नअटेमा छुट्टै पानामा लेखी फारामसँग संलग्न गर्नु पर्नेछ।

(३) उजुरी आहान सम्वन्धी थप जानकारीका लागि आयोगको इमेल trcbabarmahal@gmail.com तथा टेलिफोन नम्वर ०१-४५३०११६ मा सम्पर्क गर्न सकिने छ।

# महान्यायाधिवक्ताको कार्यालय

**नेपाल**

(.......................कर्मचारी प्रशासन शाखा)

जिल्ला सरकारी वकिल कार्यालय
रूपन्देही, सिद्धार्थनगर
दर्ता नं. १२३५
दर्ता मिति २०८२/०२/०५

रामशाहपथ, काठमाडौं

पत्र सङ्ख्या :- ०८१/०८२

चलानी नं :- ३१५२

मिति :........२०८२/०२/०८

ने.सं. ११४५ बछलागाः १०, बिहिवार

श्री जिल्ला सरकारी वकील कार्यालय, सबै।

विषयः निर्देशन सम्वन्धमा।

उपर्युक्त सम्वन्धमा सत्य निरुपण तथा मेलमिलाप आयोगको च.नं.१९३ मिति २०८२/०२/०७ को पत्र तथा अन्य कागजातहरु यसैसाथ संलग्न छन्। सो सम्वन्धमा लेखि आएबमोजिम उजुरकर्ता पीडितको गोपनियता कायम हुने कुरालाई समेत ध्यान दिई उजुरी संकलन गरी सत्य निरुपण तथा मेलमिलाप आयोगमा पठाउनुहुन आदेशानुसार अनुरोध छ।

बोधार्थः
सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपाल
हाँडीगाँउ, काठमाडौं।

२०८२/०२/०८
........................
(रन्जीता पोखेल)
सहायक न्यायाधिवक्ता

श्री प्रशासन

सत्य निरुपण तथा बेपत्ता आयोगसँग सम्बन्धित काम गर्न ना.सु. विकास वि.क.लाई फोकल पर्सन तोकिएको छ।

- प्राप्त सूचना सबै वाहिनीमा व्यवहार गरी विवरण संकलन गरी आयोगमा पठाउने

२०८२/२/१५

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेलः info@ag.gov.np, वेबसाइटः www.ag.gov.np